# आमाछोदिङमो गाउँपालिका उपाध्यक्ष श्री चण्डिका तामाङले गाउँसभाको अठारौं अधिवेशनमा पेश गर्नु भएको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट वक्तव्य

आमाछोदिङमो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा ।

७ असार २०८२

**आमाछोदिङमो गाँउपालिकाको आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेट वक्तव्य**

**सभाध्यक्ष महोदय**

**गाउँसभाका सदस्य ज्यूहरू**

**सभामा उपस्थित सम्पूर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मी एवम् विशिष्ट महानुभावहरू**

१. यस गरिमामय सभामा गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस महत्वपूर्ण समयमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको लागि विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

३. बजेट तर्जुमा गर्दा मैले मूलतः सङ्घीय र प्रादेशिक सरकारको नीति तथा कार्यक्रम, यस सभाका सभाअध्यक्ष ज्यूले पेश गर्नु भएको वार्षिक नीति तथा कार्यक्रम, विद्वान वर्ग लगायत सबैबाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु।

**सभाध्यक्ष महोदय**

अब म गत आर्थिक वर्षको यथार्थ आयको विवरण र चालू आर्थिक वर्षको हाल सम्मको आम्दानी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४. आर्थिक वर्ष २०८०।०८१ मा गाउँपालिकामा सङ्घीय सरकार, बागमती प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक आय र अघिल्लो आर्थिक वर्षको मौज्दात समेत गरी कुल **रु. सत्ताइस करोड नौ लाख उनानब्बे हजार चार सय अन्ठाउन्न रुपैयाँ पैसा नब्बे मात्र** यथार्थ आम्दानी भएको व्यहोरा सभा समक्ष जानकारी गराउँछु।

५. यसैगरी चालू आर्थिक वर्ष २०८१।८२ को लागि सोह्रौं गाउँसभाबाट **रु. बत्तिस करोड पन्चान्नब्बे लाख चौबिस हजार** अनुमानित विनियोजन गरिएकोमा हाल सम्मको खुद आम्दानी **रु. पच्चिस करोड बयासी लाख उनान्सय हजार पाँच सय पाँच रुपैयाँ** भएको सभा समक्ष जानकारी गराउँछु।

६. चालू आर्थिक वर्षको हाल सम्ममा कुल आन्तरिक आय तर्फको राजस्व **रु. एक करोड अठ्तिस लाख अठ्ठाईस हजार नौ सय बयालिस रुपैयाँ** प्राप्त भएको सभा समक्ष जानकारी गराउँछु।

अब म चालू आर्थिक वर्षको आर्थिक गतिविधि, उपलब्धिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. चालू आर्थिक वर्षमा **गाउँपालिका स्तरीय गौरवको आयोजना अन्तरगत दोवो तेम्बा फुर्पु आधारभूत अस्पताल निर्माणको ठेक्का सम्झौता** भई कार्य अघि बढि रहेको जानकारी गराउँछु।

८. गोल्जुङ स्वास्थ्य चौकीको स्तरोन्नती गरी **MBBS डाक्टर सहितको चिकित्सा सेवा सुचारु** भएको व्यहोरा सभा समक्ष जानकारी गराउन पाउँदा हर्षित छु।

९. गाउँपालिकामा एक्सरे सेवा शुरूवात भएको सभासमक्ष जानकारी गराउँदछु।

१०. गाउँपालिका भित्रका मुख्य वस्तिहरूमा सडकहरू ढलान भई सडक यातायातको सुविधा थप भएको जानकारी गराँउदछु।

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेंसी, रसुवा बागमती प्रदेश, नेपाल

कुसुम तामाङ
गा.पा उपाध्यक्ष

११. गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा आवश्यक सुरक्षाको लागि CC Camera को जडान गर्ने प्रबन्ध मिलाइएको सभा समक्ष जानकारी गराँउदछु।

१२. उच्च प्रविधिको SMART BOARD को प्रयोग मार्फत सामुदायिक विद्यालयहरूमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न पूर्वाधार विकास भईरहेको सभा समक्ष जानकारी गराउँछु।

१३. गाउँपालिका भित्रको आर्थिक, सामाजिक, साँस्कृतिक तथा वातावरणिय पक्षको शैक्षिक अनुसन्धानको लागि प्रोत्साहन (स्नातकोत्तर तह वा सो भन्दा माथी) स्वरुप आर्थिक सहयोग भै रहेको जानकारी गराउँदछु।

**सभाध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१४. बजेटका उद्देश्यहरु देहाय अनुसार निर्धारण गरेको छु।**

क. नेपालको संविधानले व्यवस्था गरेका हक अधिकारहरुको अधिकतम प्रत्याभूति हुने वातावरण सृजना गरि यस गाउँपालिकालाई प्राप्त हुने श्रोतको उच्चतम प्रयोग बाट उत्पादन, उत्पादकत्व र रोजगारी सृजना गर्ने

ख. प्राप्त स्रोत-साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी पछाडि पारिएका वर्ग लिङ्ग जातजातीको सचेतना अभिवृद्धि गरि राज्यको मुलधारमा ल्याउने आधार तयार गर्ने

ग. आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास मार्फत समृद्ध र सवल गाँउपालिका निर्माणको लक्ष्य हासिल गर्ने

घ. सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक संस्थागत तथा संरचनागत सुधारका कार्यहरू गर्ने

ङ. राज्य तथा गाउँपालिका द्वारा प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने

च. कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक तथा सम्मानित पेशाका रुपमा विकास गर्दै गरिबी निवारणको मुख्य आधार स्तम्भका रुपमा विकास गर्ने

**१५. बजेटका प्राथमिकताहरु देहाय अनुसार निर्धारण गरेको छु।**

क. शिक्षा, स्वास्थ्य, साँस्कृतिक सम्पदाको संरक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

ख. गुणस्तरिय भौतिक पूर्वाधारको निर्माण

ग. कृषि, पशुपक्षी तथा पर्यटन क्षेत्रको विकास तथा रोजगारी सृजना

घ. वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र विपद् व्यवस्थापन

ङ. संस्थागत क्षमता विकास, राजस्व परिचालन, सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग

**सभाध्यक्ष एवम् सभाका सदस्य ज्यूहरू**

अब म आगामी आर्थिक वर्षको अनुमानित आयको विवरण पेश गर्ने अनुमति चाहन्छु।

१६. आगामी आर्थिक वर्षको लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट वित्तीय वित्तीय हस्तान्तरण , राजस्व बाँडफाँड र गाँउपालिकाको आन्तरिक आम्दानी समेत गरि कुल अनुमानित आय उनन्चालिस करोड उनन्चालिस लाख उनन्चालिस हजार रुपैयाँ मात्र रहेको सभा समक्ष जानकारी गराउँदछु ।

१७. अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट प्राप्तिको स्रोत सभा समक्ष पेश गर्न चाहन्छु ।

| कुल बजेट | | रु ३९,३९,३९,०००।- | उनन्चालिस करोड उनन्चालिस लाख उनन्चालिस हजार रुपैयाँ मात्र । |
|---|---|---|---|
| *स्रोत समूह* | *बजेटको स्रोत* | *शसर्त समेत जम्मा बजेट* | |
| सङ्घीय सरकार | सङ्घीय सशर्त चालू | ८,९७,००,०००।- | आठ करोड सन्तानब्बे लाख |
| सङ्घीय सरकार | सङ्घीय समानिकरण | ८,०८,००,०००।- | आठ करोड आठ लाख |
| सङ्घीय सरकार | सङ्घीय सशर्त पूँजीगत | ३१,००,०००।- | एकतिस लाख |
| सङ्घीय सरकार | सङ्घीय समपुरक अनुदान | १,०५,००,०००।- | एक करोड पाँच लाख |
| सङ्घीय सरकार | सङ्घीय राजस्व बाँडफाँड | ८,६७,२९,००९।- | आठ करोड सतसठ्ठी लाख उनन्तिस हजार नौ रुपैया |
| बागमती प्रदेश सरकार | प्रदेश सशर्त अनुदान | २,२५,७२,०००।- | दुई करोड पच्चिस लाख बहत्तर हजार |
| बागमती प्रदेश सरकार | प्रदेश विशेष अनुदान | ६०,००,०००।- | साठी लाख । |
| बागमती प्रदेश सरकार | प्रदेश समानिकरण अनुदान | ६४,४१,०००।- | चौसठ्ठी लाख एकचालिस हजार |
| बागमती प्रदेश सरकार | प्रदेश राजस्व बाँडफाँड | २,८६,३४,२६८।५९ | दुई करोड छयासी लाख चौतिस हजार दुई सय अठसठ्ठी रुपैया पैसा उनन्साठी |
| बागमती प्रदेश सरकार | प्रदेश समपुरक अनुदान | २,५२,००,०००।- | दुई करोड बाउन्न लाख |
| आमाछोदिङमो गाउँपालिका | बिभिन्न रोयल्टीबाट प्राप्ती | २,००,००,०००।- | दुई करोड |
| आमाछोदिङमो गाउँपालिका | आन्तरिक आय | १०४२६००० | एक करोड चार लाख छब्बिस हजार |
| आमाछोदिङमो गाउँपालिका | अल्या | ३८,३६,७२२।४१ | अठ्तिस लाख छत्तिस हजार सात सय बाईस रुपैया पैसा एकचालिस |

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङबेसी रसुवा बागमती प्रदेश, नेपाल

कुङ्गु तामाङ गा.पा. अध्यक्ष

१८. अब म माथिका क्षेत्रगत प्राथमिकताका आधारमा गाँउस्तर र विषयगत शाखाहरूबाट छनौट भई आएका कार्यक्रमहरूमा विनियोजन भएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९. यस वर्ष स्वास्थ्य क्षेत्रको लागि गाउँपालिकाबाट रु १ करोड बजेट विनियोजन गरेको छु ।

२०. स्वास्थ्य क्षेत्रमा यस वर्ष कुल **तिन करोड बयालिस लाख** रूपैयाँ विनियोजन गरेको छु।

२१. गत विगत आवदेखि सञ्चालित विभिन्न क्रमागत योजनाको लागि **दुई करोड** बजेट विनियोजन गरेको छु।

२२. चालू आर्थिक वर्ष देखि गोल्जुङ स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी **विशेषज्ञ चिकित्सा सेवा** प्रदान गर्नेकार्य भईरहेकोमा आगामी आर्थिक वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छु।

२३. महिला स्वास्थ्य स्वयम् सेविकाहरूको लागि तालिम, प्रोत्साहन भत्ता तथा अन्य सुविधाको लागि आवश्यक रकम विनियोजन गरेको छु।

२४. स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने गर्भवती र कुरुवाको लागि खाना र वासको सुविधा सहितको **वेटिङ होमको** व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२५. गाउँपालिका भित्रका प्रत्येक वडामा **सरसफाइमा उत्कृष्ट हुने टोलका आमा समूहहरूलाई पुरस्कृत** गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

२६. **आयुर्वेद औषधी खरिद, घुम्ती शिविर र विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम** सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२७. पाठेघर सम्बन्धी समस्या भई **आङ खस्ने समस्याबाट पिडित आमाहरुको उपचारमा जान र आउनकोलागि निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

२८. **शुन्य होम डेलिभरी कार्यक्रम** अन्तरगत स्वास्थ्य संस्थामा बच्चा जन्माउन प्रेरित गर्नको लागि **घर देखि गाउँपालिका भित्रको पायक पर्ने स्वास्थ्य संस्थासम्म आउन र जान निशुल्क एम्बुलेन्स सेवा** उपलब्ध गराउन तथा स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई स्थानीय उत्पादन **चोयाको कोक्रो (छाडबु)** सहित त्यसमा आवश्यक न्यानो कपडा उपहार दिने गत वर्षदेखिको कार्यक्रमलाई निरन्तरता दिएको छु।

२९. नेपाल सरकारको मान्यता प्राप्त चिकित्सकबाट **दीर्घ रोगी पुष्टि भएका विरामीहरुको गाउँपालिकाबाट निशुल्क स्वास्थ्य विमा गराउने कार्यक्रमको** लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३०. गाउँपालिकाले नेपाल रेडक्रस तथा ब्लड बैंङ्कहरुसँग सम्झौता गरी **निशुल्क ब्लड** उपलब्ध गराउन आवश्यक प्रबन्ध मिलाएको छु।

३१. जेष्ठनागरिकहरूको लागि **जेष्ठ नागरिक केयर कार्यक्रम** को लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३२. **पालिका अध्यक्षसँग जनता कार्यक्रम अन्तरगत विशेषज्ञ स्वास्थ्य मोवाईल क्लिनिक कार्यक्रमको** लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३३. आर्थिक विकास विना दिगो विकास सम्भव नभएकोले **कृषि, पशु, पर्यटनका क्षेत्रमा** प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु।

३४. एग्रो टुरिजम प्रबर्धन कार्यक्रम, गोठ तथा खर्क सुधार कार्यक्रममा आवश्यक बजेट बिनियोजन गरेको छु।

३५. गाँउपालिकाको आर्थिक विकासको मुख्य आधार कृषि तथा पशु विकासमा गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारबाट समेत गरि **एक करोड बहत्तर लाख** विनियोजन गरेको छु।

३६. नयाँ दलहन बालि पकेट विकास कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३७. गाउँपालिकालाई अर्गानिक क्षेत्र घोषणाको लागि पूर्वाधार तयार गर्न रासायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गर्न प्राङ्गारिक कृषि कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३८. शिक्षा क्षेत्रको विकासको निमित्त **सात करोड छैहत्तर लाख छत्तिस हजार रुपैयाँ** विनियोजन गरेको छु।

३९. **विद्यालयहरूमा सिकाइसँगै उत्पादन** कार्यक्रमलाई निरन्तरता दिँदै यस वर्षमा समेत सबै सामुदायिक माध्यमिक विद्यालयहरूमा लागत साझेदारी **चोयाको सामग्री बुनाई सम्बन्धी सीप शिक्षा कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४०. न्यून सिकाई उपलब्धी भएका विषयहरूमा शिक्षकलाई जवाफदेही बनाउँदै लैजाने हेतुले अतिरिक्त कक्षा सञ्चालन गर्नको लागि विनियोजन गरेको छु।

४१. स्थानीय मातृभाषामा प्रारम्भिक कक्षामा पढ्न पाउने विद्यार्थीको अधिकार सुनिश्चतता गर्न मातृभाषी शिक्षक, न्यून दरबन्दी भएका विद्यालयहरूमा थप शिक्षक र महिला शिक्षक तथा कर्मचारी सुत्केरी भई लामो समय विदामा बस्दा हुने शैक्षिक क्षति न्यूनिकरणका लागि स्वयम् सेवक शिक्षकको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४२. प्रारम्भिक बाल विकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरूको मासिक तलव थप गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४३. **बालमैत्री विद्यालय तथा प्रविधि मैत्री कक्षाकोठा** निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४. विद्यालयहरूमा **तेक्वाण्डो तथा कराँते खेल प्रशिक्षण कार्यक्रम** सञ्चालन गर्न तथा स्काउट स्थापना गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४५. विद्यालयहरूमा अध्यापन हुने गाउँपालिकाको स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री **हाम्रो आमाछोदिङमो** निशुल्क वितरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. **निशुल्क भर्ना, निशुल्क स्वास्थ्य विमा कार्यक्रम** मार्फत शिक्षा र स्वास्थ्य दुवै क्षेत्रमा पहुँच वृद्धि गर्नका लागि सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षा (ECD) मा भर्ना हुने विद्यार्थीको परिवारको स्वास्थ्य विमामा लाग्ने वार्षिक प्रिमियम शुल्कका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४७. सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीको निशुल्क पाठ्यपुस्तक, दिवाखाजा र निशुल्क स्यानिटरी प्याडको व्यवस्थापनको लागि आवश्यक बजेटको प्रबन्ध भएको सभासमक्ष जानकारी गराउँछु।

४८. गाउँपालिकाको पर्यटकीय क्षेत्र गतलाङ कालो गाउँको कालो छाना पूनर्स्थापनाका लागि **पचहत्तर लाख** बजेट विनियोजन गरेको छु ।

४९. कृषि सडक तथा गोरेटो बाटो निर्माण र स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५०. विपद व्यवस्थापन तथा सम्भावित विपदको रोकथाम तथा आर्थिक सहायकता कोषको लागि **तिस लाख** बजेट विनियोजन गरेको छु।

५१. **गुणस्तरीय भौतिक पूर्वाधार निर्माणको** लागि आवश्यक औजार तथा उपकरण खरिद गर्न **दश लाख** बजेट विनियोजन गरेको छु।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी रसुवा

मुकुन्द तामाङ

५२. बर्षातको समय पश्चात बन्द हुने गाउँपालिका भित्रका ग्रामिण सडकहरू, कृषि सडकहरू खुलाउनको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

५३. गाउँपालिकाको मागको आधारमा आमाछोदिङमो गाउँपालिका वडा नं ३ वडा नं ५ मा पर्ने दलाङ खोलामा तटबन्ध निर्माणको लागि **साठी लाख** बजेट विनियोजन गरेको सभा समक्ष जानकारी गराउँछु।

५४. गाउँपालिकाको मागको आधारमा ग्रे गाउँ भित्रको सडक स्तरोन्नती वडा नं २ को लागि प्रदेश समपुरक कार्यक्रम मार्फत **एक करोड बहत्तर लाख रुपैयाँ** बजेट विनियोजन भएको सभा समक्ष जानकारी गराउँछु।

५५. गाउँपालिकाको मागको आधारमा १ नं वडा कार्यालयको भवन निर्माणको लागि प्रदेश समपुरक कार्यक्रम मार्फत **एक करोड चौवन्न लाख सत्तरी हजार रुपैयाँ** बजेट विनियोजन भएको सभा समक्ष जानकारी गराउँछु ।

५६. प्रदेश शसर्त कार्यक्रम अन्तरगत गाउँपालिकाबाट माग भए बमोजिम **थाम्बुचेत दलाङ खोला तटबन्ध आमाछोदिङमो ५** को लागि **पच्चिस लाख रुपैयाँ** विनियोजन भएको सभा समक्ष जानकारी गराउँछु।

५७. खानेपानी तथा सरसफाई कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५८. गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरू तथा सबै जनप्रतिनिधिहरूको सेवा सुविधा लागयतको चालू खर्चको लागि **सात करोड पन्ध्र लाख दश हजार रूपैयाँ** बजेट विनियोजन गरेको छु।

५९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनाको तथा पञ्जीकरण शाखाको लागि **आठ लाख रुपैयाँ** विनियोजन गरेको छु।

६०. महिलाहरुको सीप तथा क्षमता विकास गर्न, घरेलु हिंसा, बालबालिकाहरुलाई हुने बाल श्रम शोषण तथा लैङ्गिक हिंसा अन्त्यका लागि चेतनामूलक कार्यक्रम गर्न महिला बालबालिका शाखाको लागि **पन्ध्र लाख रुपैयाँ** विनियोजन गरेको छु।

६१. बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु।

६२. स्थानीय सामाजिक साँस्कृतिक चाल चलनको संरक्षणका लागि विविध कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने स्टेज सहितको टेन्ट खरिदको लागि **सोह लाख रुपैयाँ** विनियोजन गरेको छु।

६३. महिला बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि आय आर्जन तथा सामाजिक समावेशीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

६४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि **सत्ताई लाख रुपैयाँ** विनियोजन गरेको छु।

६५. सूचना तथा सञ्चार प्रविधि शाखा, प्रशासन शाखा, योजना शाखा, न्यायीक समिति, राजस्व शाखा, भूमी शाखा र पूर्वाधार विकास शाखाको लागि कार्यक्रम सञ्चालन खर्च **साठी लाख** विनियोजन गरेको छु।

६६. वडाहरूमा विकास निर्माण तथा अत्यावश्यक सेवा तथा कार्यक्रम सञ्चालनको लागि कुल **एक करोड असि लाख रुपैयाँ** विनियोजन गरेको छु।

६७. गाउँपालिकाको एकिकृत सेवाकेन्द्र तथा सभा हल निर्माणको लागि **पन्चानब्बे लाख** बजेट विनियोजन गरेको छु।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेसी रसुवा
बागमती प्रदेश, नेपाल

पुर्पुङ तामाङ
गा.पा. अध्यक्ष

६८. गाउँपालिकाको मागको आधारमा बस्तीविकास कार्यक्रमको लागि आमाछोदिङमो गाउँपालिका वडा नं १ हाकुबेशी पाङलिङ ठुलो हाकु सानो हाकु सडक स्तरोन्नतीको लागि संघीय सरकार मार्फत पच्चिस लाख विनियोजन गरेको छु।

**गाँउ सभाका अध्यक्ष तथा सदस्य ज्युहरु,**

६९. गाउँपालिकामा कार्य गर्ने कर्मचारीहरूको हितका लागि प्रोत्साहन खाजा खर्च तथा कर्मचारी कल्याणकोषको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७०. बजेट विनियोजनको विस्तृत विवरण, आय व्ययको विवरण तथा विषयगत शाखाका सम्पूर्ण कार्यक्रमहरू अनुसूचीमा उल्लेख गरेको छु।

आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रमले गाउँसभाको अठारौं अधिवेशनबाट स्वीकृत भएको नीति तथा कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल हुने अपेक्षा गरेको छु। विनियोजन गरिएको बजेटको प्रभावकारी कार्यान्वयनका लागि आगामी आर्थिक वर्षको श्रावण महिना भित्र कार्यान्वयन योजना निर्माण गरी योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने सोच राखेको छु।

**अन्तमा:**

गाँउपालिकाको बजेट निर्माणमा सहयोग पुऱ्याउनु हुने जनप्रतिनिधि साथीहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनितिक दलका प्रतिनिधीहरू, नागरिक समाज, बुद्धिजिवी, सञ्चारकर्मी तथा सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**धन्यवाद !**

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेंसी रसुवा
बागमती प्रदेश, नेपाल

कुन्दुप तामाङ
गा.पा अध्यक्ष